*मिति: २०८१।०६।१६ गते*

*बैठक नं ४६*

आज मिति २०८१।०६।१६ गते बुधवारका दिन दिउँसो ०१:०० वजे यस वागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक वसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

मितिः २०८१।०६।१६ गते

गाउँ कार्यपालिका

बैठक नं. ४६

## प्रस्तावित विषयहरु

१. विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. चालु आ.व. २०८१।८२ मा विनियोजित योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
३. आवश्यक कानुन निर्माण सम्बन्धमा ।
४. नदीजन्य पदार्थको ठेक्का आह्वान सम्बन्धमा ।
५. सङ्घीय विशेष अनुदान अन्तर्गत खानेपानी आयोजनाको कार्यान्वयन सम्बन्धमा ।
६. गत आ.व. को दायित्व भुक्तानी सम्बन्धमा ।
७. विविध १, २, ३, ४, ५, ६, ७, ८ र ९

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

सर्केश चलान
अध्यक्ष

गाउँ कार्यपालिका

**निर्णयहरु**

मिति: २०८१/०६/१६ गते

बैठक नं ४६

*निर्णय नं ०१*

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

*निर्णय नं ०२*

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा चालु आ.व. २०८१।८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने प्रयोजनार्थ प्रचलित कानुनको अधीनमा रहि बागमती गाउँपालिकाको वार्षिक खरिद गुरुयोजना, वार्षिक खरिद योजना निर्माण र चौमासिक रुपमा कार्यक्रम कार्यान्वयन योजना निर्माण गरी गाउँपालिकाका सबै संयन्त्रहरु परिचालन मार्फत् योजना तथा कार्यक्रमहरुको दिगो र प्रभावकारी कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

*निर्णय नं ०३*

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी एवं विधिसम्मत ढंगवाट कार्यान्वयन गर्न एवं गाउँपालिकालाई दीर्घकाल सम्म आवश्यक पर्ने कानुन अन्तर्गत ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु निर्माण गर्नुपर्ने र कार्यान्वयनमा रहेका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु संशोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै सुव्यवस्थित तथा प्रकृयागत तवरले सरोकारवालाहरु समेतको संलग्नतामा कानुनको निर्माण र संशोधनका लागि गाउँपालिकाको विधेयक समिति मार्फत कानुन निर्माण एवं संशोधनको मस्यौदा तयारी र स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने प्रयोजनार्थ देहाय वमोजिमका कानुन निर्माण एवं संशोधनका लागि विधेयक समितिलाई अनुरोध गर्ने सर्वसम्मतिमा निर्णय गरियो । साथै गाउँपालिकाको क्षेत्राधिकार भित्र रहि आवश्यकताको आधारमा कानुन निर्माणका लागि विषयगत समिति, विषयगत शाखा एवं कानुन वमोजिम गठन भएका संयन्त्रहरुलाई विधेयक समिति मार्फत कानुनको मस्यौदा तयार गरी स्वीकृतिका लागि पेश गर्न अख्तियारी प्रदान गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

देहाय

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | बागमती गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ | निर्माण |
| २ | बागमती गाउँपालिकाको स्थानीय सहकारी नियमावली, २०८१ | निर्माण |
| ३ | बागमती गाउँपालिकाको क्रसर संचालन कार्यविधि, २०८१ | निर्माण |
| ४ | बागमती गाउँपालिकाको चमेना गृह संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | निर्माण |
| ५ | बागमती गाउँपालिकाको भवन अभिलेखीकरण सम्वन्धी कार्यविधि, २०८१ | निर्माण |
| ६ | बागमती गाउँपालिकाको भवन नक्सापास सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| ९ | बागमती गाउँपालिकाको पशुपालनमा यान्त्रिकीकरण सम्वन्धी कार्यविधि, २०८१ | निर्माण |
| १० | बागमती गाउँपालिकाको कृषि उपज संकलन केन्द्र संचालन तथा वजार व्यवस्थापन कार्यविधि, २०८१ | निर्माण |

सर्केश चलाउने
अध्यक्ष

गाउँ कार्यपालिका

मिति: २०८१।०६।१६ गते | बैठक नं. ४६

| | | |
|---|---|---|
| ११ | बागमती गाउँपालिकाको तीन पाङ्ग्रे सवारी साधन दर्ता, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| १२ | बागमती गाउँपालिकाको लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| १३ | बागमती गाउँपालिकाको सम्पत्ति कर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| १४ | सूचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| १५ | बागमती गाउँपालिकाको भूउपयोग सम्बन्धी निति, २०८१ | निर्माण |
| १६ | बागमती गाउँपालिकामा दिगो विकासका लक्ष्य स्थानीयकरण सम्वन्धी नीति, २०८१ | निर्माण |
| १७ | बागमती गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०८० | संशोधन |
| १८ | बागमती गाउँपालिकाको बीउपुँजी परिचालन कार्यविधि, २०७९ | संशोधन |

*निर्णय नं. ०४*

प्रस्तावित विषय नं. ०४ माथि छलफल गर्दा बागमती गाउँपालिकाको नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा लगायत) को आन्तरिक आय ठेक्का मार्फत बिक्री गरी गाउँपालिकाको आन्तरिक राजश्वलाई मजबुत बनाउन र सोको अभिवृद्धि गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) ले निर्दिष्ट गरेका देहायका बिन्दुहरुबाट नदीजन्य पदार्थको उत्खनन् हुने गरी प्रचलित कानुन बमोजिम ठेक्का आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो ।

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

देहाय

| प्याकेज १ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन स्थान | अक्षांश | देशान्तर | IEE बाट यकिन भएको परिमाण (घ.मि.) | उत्खनन् गरिने ठेक्का परिमाण (घ.मि.) | कैफियत |
| १ | आन्तरिक आय (ढुङ्गा, गिट्टी, बालुवा, आदिको उत्खनन्/ संकलन तथा बिक्री वितरण) | चिरुवा खोला १ | ६४६९६३ | ३०१२००१ | ९००० | ९००० | |
| २ | | चिरुवा खोला २ | ६४६९९२ | ३०१२१९८ | ९००० | ९००० | |
| ३ | | चिरुवा खोला ३ | ६४६९१२ | ३०१२१०६ | ११२५० | ११२५० | |
| ४ | | जोखने खोला १ | ६४०७२९ | ३०२१९२४ | ६६०० | ६६०० | |
| ५ | | जोखने खोला २ | ६४०१६६ | ३०२१५२७ | ५१७५ | ५१७५ | |
| ६ | | ढुंग्रे खोला | ६४१४३३६ | ३०३०५८५ | ४५०० | ४५०० | |

सर्केश घलान
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | | लम्कना खोला १ | ६४१६८० | ३०२०१८३ | ८४०० | ८४०० | |
| ८ | | लम्कना खोला २ | ६४०८१२ | ३०१९४६३ | ६९७५ | ६९७५ | |
| ९ | | भैंसे खोला १ | ६४२१८८ | ३०१९५५९ | ७८७५ | ७८७५ | |
| १० | | भैंसे खोला २ | ६४१९४४ | ३०१८७०१ | ६००० | ६००० | |
| ११ | | माझगाउँ खोला | ६४६५२७ | ३०१६७३३ | ६७५० | ६७५० | |
| | | जम्मा परिमाण | | | ८१५२५ | ८१५२५ | |

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

प्याकिज २

| सि.नं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन स्थान | अक्षांश | देशान्तर | IEE बाट यकिन भएको परिमाण (घ.मि.) | उत्खनन् गरिने ठेक्का परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक आय (ढुङ्गा, गिट्टी, वालुवा, आदिको उत्खनन्/संकलन तथा बिक्री वितरण) | धनसाई खोला १ | ६३६७६७ | ३०२५३४३ | ४४८० | ४४८० | |
| २ | | धनसाई खोला २ | ३३७७३५ | ३०२५३४१ | ८४०० | ८४०० | |
| ३ | | चौरा खोला १ | ३३८७६७ | ३०२६१६७ | ५४०० | ५४०० | |
| ४ | | चौरा खोला २ | ३४१२९८ | ३०२४४६९ | ६६०० | ६६०० | |
| ५ | | मन्साई खोला १ | ६२६७६७ | ३०२५३४३ | ९१०० | ९१०० | |
| ६ | | मन्साई खोला २ | ३३९५८९ | ३०२४७६७ | ९७५० | ९७५० | |
| ७ | | वागमती नदी १ | ३४३४२० | ३०२३२५५ | ९३७५ | ९३७५ | |
| ८ | | वागमती नदी २ | ३४३८०४ | ३०२१४७४ | १२००० | १२००० | |
| ९ | | वागमती नदी ३ | ३४४६४० | ३०२०१६७ | १२००० | १२००० | |
| १० | | चाँदि खोला | २७३१९६७ | ८५४०९८२ | ७२०० | ७२०० | |
| | | जम्मा परिमाण | | | ८४३०५ | ८४३०५ | |

सर्केश घलान
अध्यक्ष

गाउँ कार्यपालिका

मिति: २०८१।०६।१६ गते

बैठक नं. ४६

<u>निर्णय नं. ०५</u>

प्रस्तावित विषय नं. ०५ माथि छलफल गर्दा चालु आ.व. २०८१।८२ मा सङ्घीय विशेष अनुदान अन्तर्गत गुन्दुक खोला खानेपानी आयोजना दीर्घकालीन महत्वको योजना रहेको र सोको दिगो, गुणस्तरीय एवं प्रभावकारी कार्यान्वयनार्थ सङ्घीय विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ८ बमोजिम विनियोजित बजेट रु. ५० लाख बजेट मध्येबाट रु. ५ लाख रकम बराबरको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गरी आन्तरिक नियन्त्रण प्रणाली अपनाई सोही डि.पि.आर. बमोजिम ठेक्का प्रकृया मार्फत योजना कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

प्रमाणित

<u>निर्णय नं. ०६</u>

प्रस्तावित विषय नं. ०६ माथि छलफल गर्दा बागमती गाउँपालिकाको गत विगत आ.व. २०८०।८१ मा बजेट अभावका कारण कार्यसम्पन्न भएपश्चात् पनि भुक्तानी हुन नसकेका एवं मलेप फारम नं. २२१ मा उल्लिखित चालु आ.व. मा दायित्व सरिएका तथा शीर्षगत बजेट व्यवस्थापन भएका अनुसूची-१ बमोजिमका योजना तथा कार्यक्रमहरुको भुक्तानी स्वीकृत गरी उपभोक्ता समितिलाई पहिलो प्राथमिकतामा राखी सोही आधारमा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो ।

<u>निर्णय नं. ०७</u>

प्रस्तावित विषय नं. ०७ विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहाय बमोजिम सर्वसम्मतिमा निर्णय गरियो ।

१. यस गाउँपालिकामा उपभोक्ताको हित संरक्षण सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एवं समन्वयको लागि बागमती गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८० को दफा ३ बमोजिम तपसिलको सदस्यहरु रहने गरी उपभोक्ता हित संरक्षण समितिको गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

संयोजक -श्री फणिन्द्र कमार तिमल्सिना, उपाध्यक्ष, बागमती गाउँपालिका, मकवानपुर ।

सदस्य -श्री जनक बहादुर पहरी, संयोजक, आर्थिक विकास समिति, बागमती गाउँपालिका, मकवानपुर ।

सदस्य -जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अधिकृत प्रतिनिधि ।

सदस्य -श्री डा. विमोचन पौडेल, पशुपन्छी विकास शाखा प्रमुख, बागमती गाउँपालिका, मकवानपुर।

सदस्य -श्री सिर्जना श्रेष्ठ, कृषि विकास शाखा प्रमुख, बागमती गाउँपालिका, मकवानपुर ।

सदस्य -श्री दिनेश कुमार गुसा, स्वास्थ्य शाखा प्रमुख, बागमती गाउँपालिका, मकवानपुर ।

सदस्य - सम्बन्धित क्षेत्र हेर्ने ईलाका प्रहरी कार्यालय वा प्रहरी चौकीको प्रमुख वा प्रतिनिधि ।

सदस्य -श्री प्रशान्त संजेल

सदस्य -उद्योग वाणिज्य संघको प्रतिनिधि

सदस्य सचिव -श्री शिशिर घिमिरे, उद्योग तथा सहकारी उपशाखा प्रमुख, बागमती गाउँपालिका, मकवानपुर ।

सर्केश घलान
अध्यक्ष

CamScanner

२. यस गाउँपालिकामा वस्तु वा सेवा प्रदायक व्यवसायीको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारीक क्रियाकलापको नियमित एवं आकस्मिक अनुगमनको लागि बागमती गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८० को दफा ८ बमोजिम तपसिलको सदस्यहरु रहने गरी बजार अनुगमन टोली गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक -श्री शिशिर घिमिरे, उद्योग तथा सहकारी उपशाखा प्रमुख, बागमती गाउँपालिका, मकवानपुर ।
सदस्य -श्री डा. विमोचन पौडेल, पशुपन्छी विकास शाखा प्रमुख, बागमती गाउँपालिका, मकवानपुर ।
सदस्य -श्री सिर्जना श्रेष्ठ, कृषि विकास शाखा प्रमुख, बागमती गाउँपालिका, मकवानपुर ।
सदस्य -श्री दिनेश कुमार गुप्ता, स्वास्थ्य शाखा प्रमुख, बागमती गाउँपालिका, मकवानपुर ।
सदस्य -सम्बन्धित क्षेत्र हेर्ने ईलाका प्रहरी कार्यालय वा प्रहरी चौकीको प्रमुख वा प्रतिनिधि ।
सदस्य -श्री देवराज थिङ, नगर प्रहरी हवल्दार, बागमती गाउँपालिका, मकवानपुर ।
सदस्य -श्री विवेक सिंतान, पत्रकार, रेडियो झुरझुरे, मकवानपुर ।

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

३. यस बागमती गाउँपालिकामा प्राविधिक कर्मचारी बाहेकका अन्य कर्मचारीको नियुक्ति कार्यलाई प्रभावकारी, निष्पक्ष, स्वच्छ, मर्यादित एवं सरलीकृत बनाउन तपसिलको पदपूर्ति समित गठन गरी देहायानुसार कार्यविवरण (ToR) प्रदान गर्ने ।

पदपूर्ति समितिको गठन:

क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक
ख) सम्बन्धित शाखा प्रमुख -सदस्य
ग) प्रशासन शाखा प्रमुख -सदस्य सचिव

समितिको कार्य विवरण:

क) गाउँपालिकाको पदपूर्तिको कार्यतालिका बनाउने,
ख) परीक्षाको किसिम तोक्ने,
ग) आवश्यकताको आधारमा पाठ्यक्रम निर्धारण गर्ने,
घ) पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,
ङ) दरखास्त परेको आवेदनको कागजात मूल्याङ्कन गर्ने र सोको आधारमा आवेदन स्वीकृत गर्ने,
च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने,
छ) नियुक्तिका लागि सिफारिस गर्ने,
ज) लगायतका अन्य आवश्यकीय कार्यहरु ।
झ) लोकसेवा आयोग वा अन्य पदपूर्तिसँग सम्बन्धित निकायबाट स्वीकृत सम्बन्धित क्षेत्रसँगको पदमा भएको सामान्य सिद्धान्तलाई अवलम्बन गरी पदपूर्ति सम्बन्धी अन्य कार्य गर्ने ।

४. यस बागमती गाउँपालिकाको गाउँ विपद् व्यवस्थापन समितिको मिति २०८१।०६।१६ गते बसेको बैठकले गरेका सम्पूर्ण निर्णयहरु आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त सबै निर्णयहरु उपर छलफल गरी अनुमोदन गर्ने र सोही बमोजिम कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

सकेश घलान
अध्यक्ष

CamScanner

५. यस बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा दुग्ध चिस्यान केन्द्र स्थापनाका लागि विनियोजित रु. ३६ लाख बजेट कार्यान्वयानार्थ बागमती गाउँपालिका वडा नं. ०३ र ०५ मा दुग्ध चिस्यान केन्द्र स्थापना गर्ने र प्रचलित कानुन एवं प्राविधिक लागत अनुमान बमोजिम आवश्यकताको खरिद प्रकृया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

६. यस बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा मेलमिलाप केन्द्रको बैठक संचालन तथा अन्य व्यवस्थापन खर्चका लागि रु.२ लाख विनियोजन भएकोमा उक्त बजेट कार्यान्वयानार्थ गाउँपालिका अन्तर्गतका प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रहरुलाई कार्यालय संचालन तथा व्यवस्थापन खर्च बापत प्रति मेलमिलाप केन्द्र रु. २० हजारका दरले उपलब्ध गराउने ।

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

७. यस बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा खेलकुद प्रशिक्षण तथा विविध कार्यक्रम शीर्षकमा रु. १० लाख बजेट विनियोजन भएकोमा उक्त विनियोजित बजेट मध्येबाट खर्च हुने गरी मकवानपुर जिल्ला लिग फुटवल प्रतियोगितामा सहिद स्मृति फुटबल क्लब बागमती- ०४, झुरझुरे फाइनल प्रवेश गरेको उपलक्ष्यमा प्रोत्साहन गर्नका लागि सम्मान स्वरुप रु.१ लाख प्रदान गर्ने । साथै ऐ.ऐ. शीर्षकबाट खर्च हुने गरी नेपाल सितोरियो कराते खेलकुद कार्यक्रममा सहभागिताका लागि व्यवस्थापन खर्च बापत रु. १५ हजार यसै गाउँपालिकाको खेलकुद प्रशिक्षक श्री रामलाल थोकरलाई उपलब्ध गराउने ।

८. बागमती गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा ३ बमोजिम नयाँ इजाजतपत्रका लागि राम सिं गोले प्रोपाइटर रहने गरी एम.आर.एस. ट्रेडिङ्ग एण्ड कन्स्ट्रक्शन प्रा.लि.ले पेश गरेको आवेदन, आवश्यक कागजातहरु र समितिको सिफारिस समेत आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त सबै प्रकृयालाई स्वीकृत गरी इजाजतपत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

९. बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय हेटौंडाको च.नं. १९८, मिति २०८१।०६।१५ को प्राप्त पत्रानुसार मिति २०८१।०६।११ र १२ गतेको अविरल बर्षाको कारण यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा हुन गएको क्षतिको सन्दर्भमा मर्मत-सम्भार गर्नु पर्ने अवस्थामा गाउँपालिकाको प्राविधिक कर्मचारीहरु खटाई शिक्षा विकास निर्देशनालय हेटौंलाई प्रतिवद्धताका साथ आवश्यक सहयोग एवं सहजीकरण गर्ने ।

सर्केश घलान
अध्यक्ष

CamScanner